# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२२ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री नवदुर्गा राष्ट्रिय निम्न माध्यमिक विद्यालय, ताम्चा, सुगरखाल, कैलालीका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेतले शिक्षक तथा विद्यार्थी संख्या बढी देखाई रकम निकासा गरी हिनामिना गरेको तथा मष्टा प्राथमिक विद्यालय, दैलेखमा कार्यरत शिक्षक अशोकप्रसाद तिवारीको शैक्षिक अध्यापन अनुमति-पत्र पेश गरी रकम निकासा गरी हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नवदुर्गा राष्ट्रिय निम्न माध्यमिक विद्यालय, ताम्चा, सुगरखाल, कैलालीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामबहादुर घर्तीमगर, तत्कालीन प्रधानाध्यापक गोकर्णप्रसाद उपाध्यायसमेतको सल्लाह, सहमति र मञ्जुरीमा अशोक प्रसाद तिवारीका शैक्षिक प्रमाणपत्र र अध्यापन अनुमतिपत्रका आधारमा विद्यालय व्यवस्थापन समितिको फर्जी निर्णय पुस्तिका र नियुक्तिपत्र तयार गरी जिल्ला शिक्षा कार्यालय कैलालीबाट प्राप्त अनुदान कोटाको राहत शिक्षक पदमा प्रकाशमान जैसीलाई नियुक्ति दिई सो अवधिमा रू.७,२८,४९४।—(सात लाख अठ्ठाइस हजार चार सय चौरानब्बे रूपैयाँ) रकम निकासा र भुक्तानी गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुनआई निज निजी श्रोतमा कार्यरत शिक्षक प्रकाशमान जैसीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) र दफा १७ बमोजिमको कसुर गरेको देखिएको हुँदा निज प्रकाशमान जैसीलाई विगो रू.७,२८,४९४।—(सात लाख अठ्ठाइस हजार चार सय चौरानब्बे रूपैयाँ) कायम गरी सोही ऐनको दफा १६को उपदफा (१) बमोजिम सजाय हुन, दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगो असुल गरी सोही ऐनको दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइएको ।

साथै, उक्त कार्य गर्नमा प्रत्यक्ष सल्लाह, सहमति, मञ्जुर भई फर्जी निर्णय माइन्युट, नियुक्तिपत्र समेत तयार गरी जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा गराई फर्जी भरपाईका आधारमा तलब भत्ता भुक्तानी गर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामबहादुर घर्तीमगर, तत्कालीन प्रधानाध्यापक गोकर्णप्रसाद उपाध्यायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा १७ बमोजिमको कसुर गरेको देखिएको हुँदा निजहरू विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामबहादुर घर्तीमगर र प्रधानाध्यापक गोकर्णप्रसाद उपाध्यायलाई जनही विगो रू.७,२८,४९४।—(सात लाख अठ्ठाइस हजार चार सय चौरानब्बे रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम विगो असुल गरी सोही ऐनको दफा ३(१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन र आफ्ना शैक्षिक प्रमाणपत्रहरू र अध्यापन अनुमतिपत्र उपलब्ध गराउने मष्टा प्राथमिक विद्यालय, दैलेखमा कार्यरत शिक्षक अशोकप्रसाद तिवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुरको मतियार हुने कार्य गरेको देखिएको हुँदा निजलाई सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता